प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्
**लुम्बिनी प्रदेश कार्यालय**
बुटवल- १२, रुपन्देही

# आर. पि. एल. परामर्शकर्ता/मुल्याङकनकर्ता पुनर्ताजगी तालिम (RPL Counsellor / Assessor Refresher Training) सम्बन्धि सूचना

**तालिम हुने स्थान: लुम्बिनी प्रदेशको  बुटवल र नेपालगंज**

**सूचना प्रकाशित मिति: २०८०/०२/१४**

लुम्बिनी प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, राष्ट्रिय व्यावसायिक योग्यता प्रणाली परियोजना दोस्रो (NVQS-P II) को आर्थिक सहयोग र परिषद, लुम्बिनी प्रदेश कार्यालयको सहकार्यमा आर.पि.एल. परामर्शकर्ता/मुल्याङकनकर्ता पुनर्ताजगी तालिम (RPL Counsellor / Assessor Refresher Training) मा सहभागि हुन इच्छुक लुम्बिनी प्रदेश भित्रका प्राविधिक तथा व्यावसायिक बिषयका मुल्याङकनकर्ता नागरिकहरुले मिति २०८०/०२/२० गते सम्म कार्यालय समय भित्र आइपुग्ने गरी CTEVT लुम्बिनी प्रदेश कार्यालयको email:**ctevtprovince5@gmail.com** मा आवेदन फाराम सहित आवश्यक कागजपत्रहरु पठाउनुहुन वा स्वयं उपस्थित भई बुझाउनु हुन सूचित गरिन्छ। आवेदन फाराम ***https://ctevtp5.org.np/*** बाट डाउनलोड गरी वा CTEVT लुम्बिनी प्रदेश कार्यालय, बुटवल,रुपन्देहीबाट प्राप्त गर्न सकिने छ।

**बिषयहरु -**

**क)** अटोमोबाइल
**ख)** बिल्डिंग पेंटर
**ग)** प्लम्बर
**घ)** टायल मार्बल फिक्सर
**ङ)** वेल्डर/ स्ट्रकचरल फब्रीकेटर/लेथ सेटर अपरेटर
**च)** कन्स्ट्रक्सन मेसन
**छ)** ई.सि.डी. एफ.
**ज)** कृषि (बाली विज्ञान तथा भेटनरी)
**झ)** फर्निचर मेकर
**ञ)** रेफ एण्ड ए.सी. मेकानिक
**ट)** इलेक्ट्रिसियन (Industrial and Building)
**ठ)** ब्यूटिसियन
**ड)** टेलारिंग/गार्मेन्ट
**ढ)** वेटर
**ण)** केयर गिभर
**त)** कमि
**थ)** कम्प्युटर अपरेटर

**<u>सहभागी छनौटका लागि शर्त तथा मापदण्डहरु</u>**

१. तालीमका लागि आवश्यक न्युनतम योग्यता – टि. एस. एल. सी/एस. ई.ई. उत्तीर्ण एवं सम्बन्धित पेशा/व्यावसायमा तह-२ को सीप परीक्षण प्रमाण पत्र प्राप्त गरको वा प्राविधिक प्रि-डिप्लोमा वा सो भन्दा माथीको योग्यता हासिल गरेको र सम्बन्धित पेशा/व्यावसायमा कम्तिमा २ बर्ष कार्य अनुभव प्राप्त गरेकोले मात्र आवेदन दिन सक्नेछन्।

२. सम्बन्धित पेशा/व्यावसायको कम्तिमा एक पटक मुल्याङकनकर्ताका रुपमा संलग्न भएको।

३. सम्बन्धित पेशा, व्यावसायको माथिल्लो तहको प्रमाणपत्रलाई प्राथमिकता दिइनेछ र छनौटको अन्तिम निर्णय गर्ने अधिकार CTEVT लुम्बिनी प्रदेश कार्यालयको हुनेछ।

४. नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, सीप परीक्षणको प्रमाणपत्रको प्रतिलिपि, वा प्राविधिक बिषयको शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको पत्र, राष्ट्रिय सीप परीक्षण समितिबाट प्रदान गरिएको मुल्याङकनकर्ता आई. डि., Assessor Training Certificate को स्वयं प्रमाणित प्रतिलिपीहरु अनिवार्य पेश गर्नु पर्नेछ। लुम्बिनी प्रदेश भन्दा बाहिर जिल्लाको नागरिकता भएमा लुम्बिनी प्रदेशको स्थानीय तहमा स्थाई रुपमा बसोबास गरेको सिफारिस पत्र।

५. यस तालीमका लागि छनौट भएका सहभागिहरुलाई टेलिफोन वा SMS मार्फत जानकारी गराइने छ। कुनै कारणले सम्पर्क हुन नसकेमा आवेदक स्वयं जिम्मेवार हुनुपर्ने छ।

६. छनौट भएका सहभागीहरुले तालिममा आउदा पहिलो दिन माथी उल्लेखित सक्कल कागजातहरु ल्याउनु पर्नेछ।

७. ३ दिनको तालीम अवधिभर पुरा समय सहभागी हुनेहरुलाई मात्र प्रमाणपत्र तथा Identity Card उपलब्ध गराइने छ।

८. शर्त सहित र अपुर्ण आवेदन स्वीकार गरिने छैन।

९. सम्बन्धित पेशामा आबद्ध महिलालाई बिशेष प्राथमिकता दिईनेछ।

१०. तालीम सम्पन्न भएपछि तालीम अवधिको नियम अनुसारको निर्वाह भत्ता दिइने छ।

**थप जाकारीका लागि CTEVT लुम्बिनी प्रदेश कार्यालयको फोन नं. ०७१-४२२०७१ वा ०७१- ४२२०७३, ०७१-४२२१११ मा सम्पर्क गर्नुहोला।**

*पुनश्च: इमेलमा आवेदन पठाइसकेपछि सुनिश्चितता गर्नुहुन अनुरोध छ।*

**निर्देशक**